वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष ४४ अंक २७५ | २०८२ फागुन ११ गते सोमबार, नेपाल सम्वत् ११४६ February 23, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-




## तनहुँ-२ का उम्मेदवार सिग्देलको प्रतिबद्धता:
# 'सुखी नेपाली, समृद्ध नेपाल' र सामाजिक न्याय प्राथमिकतामा

भञ्ज्याङ समाचारदाता/तनहुँ

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेकपा एमाले तनहुँ क्षेत्र नम्बर २ का उम्मेदवार केदार सिग्देलले "सुखी नेपाली, समृद्ध नेपाल" को राष्ट्रिय आकांक्षा पूरा गर्दै सामाजिक न्याय र समानतामूलक समाज निर्माण आफ्नो मुख्य उद्देश्य रहेको बताएका छन्। आगामी निर्वाचनलाई लक्षित गर्दै सार्वजनिक गरिएको चुनावी घोषणापत्रमार्फत सिग्देलले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा नागरिकको सर्वाङ्गीण विकासलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाएका छन् ।

घोषणापत्र सार्वजनिक गर्दै उनले सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न राज्यका स्रोत–साधनको उचित व्यवस्थापन र दिगो विकासका कार्यक्रम सञ्चालन गरिने बताएका छन्। उनले आर्थिक, सामाजिक, सांस्कृतिक तथा प्राकृतिक स्रोतहरूको समुचित उपयोगमार्फत क्षेत्रीय सन्तुलित विकास सुनिश्चित गर्ने योजना प्रस्तुत गरेका छन् ।

सिग्देलले आफ्नो घोषणापत्रमा राजनीतिक स्थिरता, सुशासन र भ्रष्टाचार नियन्त्रणलाई साझा राष्ट्रिय एजेण्डाका रूपमा अघि सारेका छन्। युवापुस्तासहित आम नागरिकको आकांक्षा पूरा गर्न पारदर्शी शासन प्रणाली र प्रभावकारी सार्वजनिक सेवा आवश्यक रहेको उल्लेख गर्दै उनले जनप्रतिनिधिको रूपमा त्यसका लागि इमानदारीपूर्वक काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।



**विधायिकी भूमिकामा सक्रियता**

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा तनहुँ क्षेत्र नम्बर २ बाट निर्वाचित भएपछि सांसदका रूपमा संविधान कार्यान्वयन, संघीयताको संस्थागत विकास र सुशासन प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गरेको सिग्देलको दाबी छ। सांसदका रूपमा आफ्नो अधिकार क्षेत्रभित्र रहेर विकास योजना छनोट, बजेट विनियोजन तथा कार्यक्रम कार्यान्वयनमा योगदान दिएको उनले उल्लेख गरेका छन्।

विधायिकी भूमिकालाई प्रभावकारी बनाउँदै आवश्यक कानुन निर्माण तथा विद्यमान कानुनमा समयानुकूल संशोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले विभेदकारी र असान्दर्भिक प्रावधान हटाउने तथा समाजमा विद्यमान अन्धविश्वास र कुसंस्कार हटाउन विशेष अभियान सञ्चालन गर्ने योजना प्रस्तुत गरेका छन्।

उनले लोकतन्त्रका मूल्यमान्यताको संरक्षण, राष्ट्रिय स्वाधीनताको रक्षा र सुशासन प्रवर्द्धनका लागि आवश्यक नीतिगत सुधारमा

बाँकी तेश्रो पेजमा

# व्यासको कार्यपालिका बैठक : गरिब परिवार पहिचान कार्यक्रमको समीक्षा

भञ्ज्याङ समाचारदाता/दमौली

व्यास नगरपालिकाले नगरपालिकामा सञ्चालन भइरहेको गरिब घरपरिवार पहिचान कार्यक्रमको प्रगतिबारे पनि समीक्षा गरिएको छ। उक्त कार्यक्रम अन्तर्गत संकलित विवरणको विश्लेषणात्मक प्रतिवेदन प्रस्तुत गरिएको थियो । गरिब परिवारको पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले सुरू गरिएको विवरण संकलन कार्यलाई थप व्यवस्थित बनाउने विषयमा छलफल भएको बताइएको छ । अध्ययनको निष्कर्षले नगरपालिकालाई सामाजिक सुरक्षा तथा विकास योजनाहरु लक्षित समूहसम्म पुऱ्याउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

यस्तै, कार्यपालिकाको बैठकले सेवा प्रवाहको समीक्षा, बजेट कार्यान्वयनको अवस्था सार्वजनिक, नगर स्थापना दिवस मनाउने तयारीलगायत सात वटा महत्वपूर्ण निर्णय गरेको छ। नगरप्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा बसेको बैठकले नगरपालिकाको प्रशासनिक कामकारबाहीलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित विभिन्न नीतिगत निर्णयहरु गरेको छ ।

नगर प्रवक्ता सुरेश थापाका अनुसार माघ २७ गते नगर सभाकक्षमा सम्पन्न द्वितीय त्रैमासिक समीक्षा बैठकमा शाखा प्रमुख तथा वडा सचिवहरूले प्रस्तुत गरेका प्रतिवेदनमाथि पनि बैठकले विस्तृत छलफल गरेको छ । सेवा प्रवाहका क्रममा कर्मचारीहरूमा उत्तरदायित्व र जवाफदेहिता बढ्दै गएको भन्दै बैठकले धन्यवाद ज्ञापन गरेको छ। साथै देखिएका कमी–कमजोरीलाई आगामी दिनमा सुधार गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन सम्बन्धित शाखाहरूलाई निर्देशन दिने निर्णय गरिएको छ।

**संशोधित बजेटअनुसार १७ अर्ब २५ करोड २० लाख ४ हजार ५०० रुपैयाँ बराबरको कार्यक्रम कार्यान्वयन भइरहेका छन् । हालसम्म कुल ४४.३६ प्रतिशत आय संकलन भएको तथा खर्चतर्फ चालु खर्च ४९.१९ प्रतिशत र पुाजीगत खर्च १८.३२ प्रतिशत गरी कुल ३५.३५ प्रतिशत खर्च भएको जानकारी बैठकमा प्रस्तुत गरिएको थियो। उक्त विवरण सार्वजनिक गर्ने निर्णय बैठकले गरेको छ ।**

यस्तै, बैठकले नगरपालिकाको ३४औं स्थापना दिवस आगामी चैत ३० गते विविध कार्यक्रमसहित मनाउने निर्णय गरेको छ । स्थापना दिवसलाई व्यवस्थित रूपमा

बाँकी दोश्रो पेजमा


# कनिकादेखि गोलभेंडासम्म आयात, सात महिनामै बाहिरियो ५७ अर्ब ८८ करोड रूपैयाँ

भञ्ज्याङ समाचारदाता/काठमाडौं

कृषि प्रधान देश नेपालमा ठुलो परिमाणमा बाहिरी मुलुकबाट कृषिजन्य वस्तु धानचामल कनिकादेखि तरकारीजन्य वस्तु आयातमा ठुलो रकम बाहिरिने गरेको छ । भन्सार विभागले सार्वजनिक गरेको आयातको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्तसम्म (७ महिना) मा खाद्यान्न र तरकारी आयातमा ५७ अर्ब ८८ करोड रूपैयाँ बराबरको बाहिरिएको छ ।

यसमध्ये ३५ अर्ब ६२ करोड ९० लाख १८ हजार रूपैयाँ बराबरको खाद्यान्न र २२ अर्ब २५ करोड ७८ लाख ३५ हजार रूपैयाँ बराबरको दाल तथा तरकारीजन्य वस्तु आयात भएको विभागको तथ्यांकमा उल्लेख छ । अधिकांश खाद्यान्न तथा तरकारी छिमेकी मुलुक भारत र चीनबाट आयात भएको छ ।

यो आयातको प्रत्यक्ष असर नेपालको व्यापार घाटा र विदेशी मुद्रा सञ्चितिमा परिरहेको छ । हरेक वर्ष अर्बौंको कृषि वस्तु खरिदमा खर्च हुँदा देशको अर्थतन्त्र कमजोर बन्दै गएको छ ।




ठुलो परिमाणमा बाहिरी मुलुकबाट आयात हुँदा स्वदेशी किसानलाई प्रतिस्पर्धी बन्न कठिनाइ हुने र अन्ततः कृषि पेसाबाट पलायन हुने अवस्था सिर्जना गर्ने तथा युवा जनशक्ति विदेश पलायन भइरहेको छ । यस सन्दर्भमा कृषि क्षेत्रजन्य वस्तु आयातको प्रभुत्व कायम रहनुले ग्रामीण अर्थतन्त्र झनै कमजोर बन्ने खतरा बढेको छ ।

**खाद्यान्नमा बाहिरियो ३५ अर्ब ६२ करोड**

चालु वर्षको सात महिनामा ७ लाख ४४ हजार ९९४.९९ मेट्रिक टन खाद्यान्न (अनाज) आयात हुँदा ३५ अर्ब ६२ करोड रूपैयाँ बाहिरिएको छ । उक्त अनाज आयात हुँदा भन्सारबाट २ अर्ब २७ करोड १७ लाख ८७ हजार बराबर राजस्व संकलन भएको छ ।

विभागका अनुसार यसमध्ये सबैभन्दा ठुलो रकम धान आयातमा बाहिरिएको छ । माघ मसान्तसम्म १२ अर्ब ८४ करोड ७९ लाख २५ हजार रूपैयाँको ३ लाख ४८ हजार ४१०.२० मेट्रिक टन धान आयात भएको छ। यसैगरी, दोस्रोमा चामल आयात भएको छ ।

१२ अर्ब ३७ करोड ८४ लाख २७ हजार रूपैयाँको ३ लाख ४८ हजार ४१०.२० मेट्रिक टन चामल आयात भएको विभागको तथ्यांकमा उल्लेख छ। यसैगरी, तेस्रोमा सबैभन्दा धेरै आयात हुने खाद्यान्नमध्ये मकै छ। ८३ लाख ९ हजार १२० हजार

बाँकी तेश्रो पेजमा

# पत्रकार महासंघ तनहुँद्वारा विभिन्न पुरस्कारको निर्णय

भञ्ज्याङ समाचारदाता/रासस

नेपाल पत्रकार महासंघ तनहुँले विभिन्न पत्रकारिता पुरस्कारका लागि पुरस्कृत व्यक्तित्व छनोट गरेको छ । शाखा अध्यक्ष डिपी अधिकारीको अध्यक्षतामा आइतबार बसेको बैठकले शाखामा स्थापित विभिन्न पत्रकारिता पुरस्कारबाट छ जना क्रियाशील पत्रकारलाई पुरस्कृत गर्ने निर्णय गरेको हो ।



सुरज गुरूङ स्मृति पत्रकारिता पुरस्कार निवर्तमान अध्यक्ष उज्वल पौडेललाई प्रदान गर्ने निर्णय भएको छ । मुक्तिनाथ खनालद्वारा स्थापित भवानी खनाल स्मृति पत्रकारिता पुरस्कार शाखाका सल्लाहकार नारायण खड्का, प्रदीप काफ्लेद्वारा स्थापित पुरूषोत्तम काफ्ले स्मृति पत्रकारिता पुरस्कार शाखाका पूर्व कार्यसमिति सदस्य श्रीहरि पौडेल, कृष्णकुमार श्रेष्ठ किसानद्वारा स्थापित भर्लेली केवलबहादुर स्मृति पत्रकारिता पुरस्कार निवर्तमान उपाध्यक्ष अस्मिता खनाललाई प्रदान गर्ने निर्णय भएको छ ।

उत्तम र सुमन भट्टराईद्वारा

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# युवा पलायन रोकौं

नेपालका लाखौं युवा रोजगारीको खोजीमा विदेशिन बाध्य छन्। स्वदेशमा पर्याप्त अवसर नपाउँदा उनीहरु श्रम बेच्न विदेशी भूमिमा जान विवश भएका छन्। विदेशमा पसिना बगाएर पठाएको विप्रेषण (रेमिटेन्स)ले राष्ट्रिय अर्थतन्त्र चलायमान त बनाएको छ, तर यसले दीर्घकालीन आर्थिक आधार निर्माण गर्न सकेको छैन। मुलुकमा भित्रिएको अर्बौं रूपैयाँ उत्पादनशील क्षेत्रमा लगानी हुन नसक्दा पुनः उपभोगमै खर्च भई विदेशिने चक्रमा मिसिएको छ। यस अवस्थाले हाम्रो आर्थिक संरचना र विकास सोचमा गम्भीर पुनर्विचारको आवश्यकता औंल्याएको छ। नेपाल संघीय शासन व्यवस्थामा प्रवेश गरेसँगै विकास र सेवा प्रवाहको केन्द्र स्थानीय तह बनेका छन्। नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने स्थानीय सरकारहरु नै रोजगारी सिर्जनाको सबैभन्दा प्रभावकारी माध्यम हुन सक्छन्। गाउँमै अवसर उपलब्ध गराएर युवालाई स्वदेशमै टिकाउने जिम्मेवारी अहिले स्थानीय तहको काँधमा आएको छ। तर व्यवहारमा भने तीनै तहका सरकारका नीति, कार्यक्रम र बजेटमा युवालाई स्थायी रूपमा स्वरोजगार बनाउने खालका योजनाहरु न्यून देखिन्छन्। स्वरोजगारका नाममा सञ्चालन हुने कार्यक्रमहरु प्रायः सतही, अल्पकालीन र प्रचारमुखी हुने गरेका छन्। आजको युवा पुस्ता गम्भीर अन्योलमा छ । उच्च शिक्षा हासिल गरे पनि रोजगारको सुनिश्चितता छैन। खेतीपाती गर्न चाहँदा जग्गा, सीप वा प्रविधिको अभाव छ। सीप भएका युवालाई उत्पादन बिक्री गर्ने बजार उपलब्ध छैन। विदेश जाने सोच भए पनि आवश्यक लगानी जुटाउन समस्या हुन्छ। यसरी विभिन्न समस्याको घेराभित्र रहेको युवापुस्तालाई मार्गदर्शन र अवसरको खाँचो छ। यो आवश्यकता पूरा गर्न सक्ने सबैभन्दा उपयुक्त संस्था स्थानीय सरकार नै हो । शिक्षित बेरोजगार युवाहरूको पहिलो रोजाइ स्थायी जागिर नै हुन्छ। तर सरकारी तथा निजी क्षेत्रमा रोजगारीको अवसर सीमित छन्। लोक सेवा आयोग वा अन्य प्रतिस्पर्धात्मक परीक्षामा सफलता प्राप्त गर्न लामो समय, पर्याप्त स्रोत र गुणस्तरीय तयारी आवश्यक हुन्छ। सबै युवासँग यस्ता अवसर हुँदैनन्। करार सेवामा समेत पहुँच र सिफारिसको प्रभाव रहने गुनासो व्यापक छ। यसले सक्षम तर अवसरविहीन युवामा निराशा बढाएको छ। यस्तो अवस्थामा स्थानीय सरकारले निष्पक्षता सुनिश्चित गर्दै युवालाई प्रतिस्पर्धाका लागि तयार पार्ने वातावरण निर्माण गर्नुपर्छ ।

स्थानीय तहले युवाहरूको अवस्था र आवश्यकताको यथार्थ पहिचान गरेर कार्यक्रम सञ्चालन गर्न सक्छन्। सीपमूलक तालिम, व्यवसायिक परामर्श तथा रोजगार सूचना केन्द्र स्थापना गरेर युवालाई मार्गदर्शन दिन सकिन्छ। लोक सेवा तथा अन्य सरकारी सेवाका तयारी कक्षा सञ्चालन गरेर हजारौं युवालाई अवसरको ढोका खोल्न सकिन्छ। यसले युवामा आत्मविश्वास बढाउने मात्र होइन, प्रतिस्पर्धात्मक क्षमतामा समेत वृद्धि गर्छ । त्यसैगरी कृषि, पशुपालन, पर्यटन तथा साना उद्योगमा आधारित स्वरोजगार कार्यक्रम सञ्चालन गर्न स्थानीय तह सक्षम छन्। उद्यमशीलता विकास तालिम, सहुलियत ऋण, अनुदान तथा बजार व्यवस्थापन जस्ता कार्यक्रमले युवालाई स्वरोजगारतर्फ आकर्षित गर्न सक्छन्। "गाउँमै रोजगारी" जस्ता अभियानमार्फत स्थानीय स्रोत र सम्भावनाको उपयोग गर्दै रोजगारी सिर्जना गर्न सकिन्छ। जग्गा नभएका युवालाई सहमतिको आधारमा जग्गा प्रयोगको व्यवस्था मिलाउने, आधुनिक कृषि प्रविधि उपलब्ध गराउने, बीउबिजन तथा मलखादको सुनिश्चितता गर्ने र उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने कार्यले ठूलो परिवर्तन ल्याउन सक्छ। आज धेरै गाउँहरु युवाविहीन बन्दै गएका छन्। उर्वर जमिन बाँझो छ, उत्पादन घट्दो क्रममा छ। यदि यही अवस्था कायम रह्यो भने ग्रामीण अर्थतन्त्र झन् कमजोर हुने निश्चित छ। युवा गाउँ फर्किएर स्वरोजगार भए भने मात्र गाउँको जीवन्तता कायम रहन सक्छ। उत्पादन बढेमा आयातमा निर्भरता घट्नेछ र राष्ट्रिय अर्थतन्त्र सुदृढ हुनेछ । युवालाई स्वरोजगार बनाउन सक्ने सरकार नै वास्तविक अर्थमा जनमैत्री सरकार मानिन्छ। युवाका समस्या बुझ्ने, समाधान खोज्ने र अवसर सिर्जना गर्ने प्रयास नै प्रभावकारी शासनको आधार हो। स्वरोजगारका कार्यक्रम केवल बजेट खर्च गर्ने माध्यम नभई परिणाममुखी हुनुपर्छ। तालिम दिएर छोड्ने होइन, उत्पादनदेखि बजारसम्मको सुनिश्चितता गर्ने व्यवस्था आवश्यक छ।

नेपालको विकासका लागि सबैभन्दा ठूलो शक्ति युवा जनशक्ति हो। यही शक्ति विदेशमा प्रयोग भइरहेको छ। यदि यही ऊर्जा स्वदेशमै प्रयोग गर्न सकियो भने समृद्धिको आधार बलियो बन्न सक्छ। त्यसका लागि दीर्घकालीन सोच र ठोस योजना आवश्यक छन्। सरकारले युवालाई तत्कालीन राहत मात्र दिनु पर्याप्त हुँदैन। दीर्घकालीन समाधान दिनुपर्छ। तिर्खा लागेका बेला पानी दिनु आवश्यक हुन्छ, तर इनार खन्ने उपाय सिकाउनु अझ महत्वपूर्ण हुन्छ। शिक्षा, सीप, स्रोत र अवसरलाई एकीकृत गरेर युवालाई उत्पादनशील क्षेत्रमा जोड्न सकियो भने मात्र देशको समृद्धि सम्भव हुन्छ। स्थानीय तहले युवालाई केन्द्रमा राखेर योजना निर्माण गर्ने हो भने परिवर्तन सम्भव छ। स्वरोजगारलाई सम्मानित पेशा बनाउने, कृषिलाई आधुनिक र लाभदायी बनाउने तथा उद्यमशीलतालाई प्रोत्साहन गर्ने अभियानबाट मात्रै युवालाई स्वदेशमै टिकाउन सकिन्छ । युवा पलायन रोक्ने कुरा केवल नारामा सीमित हुनु हुँदैन। स्थानीय सरकारको सक्रिय पहल, स्पष्ट नीति र प्रभावकारी कार्यान्वयनबाट मात्रै यो सम्भव छ। युवाको ऊर्जा स्वदेशमै उपयोग गर्ने संकल्प नै नेपालको समृद्धिको सबैभन्दा बलियो आधार बन्न सक्छ।

# प्रजातन्त्रको गरिमामय इतिहासलाई जोगाऔं

नेपालमा फागुन ७ गतेलाई प्रजातन्त्र दिवसका रूपमा मनाउँदै आइएको छ । यस दिन विभिन्न संघ-संस्थाले कार्यक्रम आयोजना गरी दिवसलाई सम्झिने गरेका छन्। तर पछिल्ला वर्षहरूमा यस दिवसप्रति देखिने आत्मीयता, उत्साह र राष्ट्रिय एकताको भावना पहिलेको जस्तो अनुभूत हुन छाडेको देखिन्छ।

नेपालको प्रजातन्त्र दिवस वि.सं. २००७ सालको ऐतिहासिक परिवर्तनसँग जोडिएको दिन हो। १०४ वर्ष लामो राणा शासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भएको यो दिन नेपाली जनताको स्वतन्त्रताको यात्राको महत्वपूर्ण मोड हो। यस महान् दिवसलाई सम्झँदा सहिदहरूको त्याग, बलिदान र संघर्षलाई स्मरण गर्नु आवश्यक हुन्छ। तर आजभोलि यस दिवसलाई औपचारिक कार्यक्रममै सीमित गर्ने प्रवृत्ति बढ्दो देखिन्छ ।

राणा शासनको लामो कालखण्डमा जनअधिकार कुण्ठित पार्दै निरंकुश शासन चलाइएको थियो। अन्याय र अत्याचारका विरूद्ध जनताले निरन्तर संघर्ष गरे। त्यही संघर्षको परिणामस्वरुप राणाशासनको अन्त्य भई प्रजातन्त्रको सुरूवात सम्भव भयो। यही दिनलाई नेपालमा लोकतान्त्रिक मूल्य-मान्यता, जनअधिकार र राष्ट्रिय एकताको आधारशिला राखिएको ऐतिहासिक दिनका रूपमा स्मरण गरिन्छ।

प्रजातन्त्रको स्थापना सहजै भएको होइन। धेरै क्रान्तिकारीहरूको बलिदानपछि प्राप्त भएको उपलब्धि हो। प्रजातन्त्रसँगै नेपाली जनताले सीमित भए पनि शिक्षा, अभिव्यक्ति र संगठनको अधिकार प्राप्त गरे। तर "बलि कसैको, फल कसैले" भन्ने उक्ति झैं जनताले अपेक्षा गरेजस्तो उपलब्धि भने अझै पूर्ण रूपमा हासिल हुन सकेको छैन।

जनताबाट खोसिएका अधिकार पुनः प्राप्त गर्न नेपाली समाजले निरन्तर संघर्ष गर्दै आएको छ। त्यही संघर्षको परिणामस्वरूप देशले जननिर्वाचित प्रतिनिधिबाट निर्माण गरिएको संविधान प्राप्त गरेको छ र गणतान्त्रिक व्यवस्था स्थापित भएको छ। यदि राष्ट्रिय एकता कायम रह्यो भने नेपालमा विकासका सम्भावना प्रशस्त छन्। प्राकृतिक स्रोत, सांस्कृतिक सम्पदा र मानवशक्ति देशको ठूलो पूँजी हो।

आज जनताद्वारा निर्मित संविधान केहीका लागि असहज विषय बनेको देखिन्छ। संविधानमा उपलब्धिहरूका साथै केही कमजोरीहरु पनि हुन सक्छन्। तर ती कमजोरीहरूलाई संवाद, सहमति र शान्तिपूर्ण प्रक्रियामार्फत सुधार गर्न सकिन्छ।

देशमा देखिएको प्रमुख समस्या भनेको राजनीतिक नेतृत्वप्रतिको जनविश्वास कमजोर हुनु हो। जनताले आफ्नो अमूल्य मत दिएर नेतृत्वमा पुर्‍याएका नेताहरूबाट अपेक्षित जिम्मेवारी निर्वाह नभएको अनुभूति जनतामा बढ्दो छ। कतिपय नेताहरु विदेशी प्रभावमा परेको आरोप लाग्दै आएको छ, जसले राष्ट्रिय हितप्रति चिन्ता बढाएको छ।


चुनावी समयमा नेताहरु गाउँ-घरमा पुगेर जनतासँग घुलमिल हुने, श्रममा सहभागी हुनेजस्ता गतिविधि देखिए पनि निर्वाचनपछि ती प्रतिबद्धता पूरा नहुने गुनासो आमरूपमा सुनिन्छ। सामाजिक सञ्जालमा प्रचारमुखी गतिविधि बढ्दै गए पनि जनताको जीवनस्तरमा अपेक्षित सुधार हुन नसकेको अनुभव धेरैको छ। देशमा देखिएको राजनीतिक अस्थिरता, भ्रष्टाचारका घटना, सहकारी समस्या तथा आर्थिक चुनौतीहरूले जनतामा निराशा बढाएको छ। यस्ता समस्याहरु समाधान गर्न जिम्मेवार र इमानदार नेतृत्व आवश्यक छ।

लोकतान्त्रिक व्यवस्थामा निष्पक्ष निर्वाचन लोकतन्त्रको मेरूदण्ड मानिन्छ। त्यसैले सबै राजनीतिक दलले अनुशासन, सहिष्णुता र मैत्रीपूर्ण प्रतिस्पर्धाको वातावरण कायम गर्नुपर्छ। निर्वाचन आयोग तथा सम्बन्धित निकायहरूले पनि आचारसंहिता कार्यान्वयनमा सक्रिय भूमिका निर्वाह गर्न आवश्यक छ।

निर्वाचन आयोग नेपालले निष्पक्ष निर्वाचन सुनिश्चित गर्ने जिम्मेवारी प्रभावकारी रूपमा निभाउन सके मात्र लोकतन्त्रप्रति जनविश्वास बढ्न सक्छ।

देशमा शान्ति, स्थिरता र सुशासन कायम गर्नु सबै नागरिकको साझा जिम्मेवारी हो। गणतन्त्र र लोकतान्त्रिक व्यवस्थाको मर्म बुझेर जिम्मेवार नागरिकको रूपमा आचरण गर्नु आवश्यक छ।

नेपालमा लामो संघर्षपछि प्राप्त भएको लोकतान्त्रिक व्यवस्था र संविधानलाई कमजोर पार्ने कुनै पनि प्रयासप्रति सजग रहनुपर्छ। गणतन्त्र जनताको बलिदानबाट प्राप्त भएको उपलब्धि भएकाले यसको संरक्षण गर्नु सबैको कर्तव्य हो।




निष्पक्ष निर्वाचनमार्फत देशभक्त र जनतामुखी नेतृत्व चयन गर्न नागरिकले विवेकपूर्ण निर्णय लिनुपर्छ। भावनामा बगेर होइन, राष्ट्रिय हितलाई केन्द्रमा राखेर मतदान गर्नु नै सच्चा लोकतान्त्रिक अभ्यास हो। प्रजातन्त्रको गरिमामय इतिहासलाई जोगाउन अपराधी प्रवृत्ति, भ्रष्टाचार र विदेशी स्वार्थबाट प्रभावित राजनीति अस्वीकार गर्नुपर्छ। असमान सम्झौताहरूको समीक्षा गर्दै राष्ट्रिय स्वाभिमानको संरक्षण गर्ने नेतृत्वलाई बलियो बनाउन आवश्यक छ।

नेपालको सार्वभौमिकता, लोकतन्त्र र राष्ट्रिय एकतालाई सुदृढ बनाउन सबै नागरिक सचेत र जिम्मेवार बन्नु आजको आवश्यकता हो। प्रजातन्त्रको इतिहासलाई सम्मान गर्दै भविष्य सुरक्षित बनाउने जिम्मेवारी हामी सबैको साझा कर्तव्य हो।

# व्यासको कार्यपालिका बैठक : ............

सञ्चालन गर्न विभिन्न समिति गठन गरिएको छ ।

मूल समारोह समिति नगरप्रमुखको अध्यक्षतामा गठन गरिएको छ भने पुरस्कार तथा सम्मान सिफारिस समिति उपप्रमुख इन्दिरा दरैको अध्यक्षतामा गठन गरिएको छ । यसैगरी स्थापना दिवसको अवसरमा प्रकाशन गरिने "व्यासनगर दर्पण २०८२" पुस्तकका लागि नगर शिक्षा शाखा प्रमुखको संयोजकत्वमा प्रकाशन समिति गठन गरिएको छ ।

यस्तै, बैठकमा चालु आर्थिक वर्ष २०८२/०८३ को संशोधित आयव्यय बजेटको कार्यान्वयन अवस्थाबारे जानकारी प्रस्तुत गरिएको थियो। संशोधित बजेटअनुसार १७ अर्ब २५ करोड २० लाख ४ हजार ५०० रूपैयाँ बराबरको कार्यक्रम कार्यान्वयन भइरहेका छन् । हालसम्म कुल ४४.३६ प्रतिशत आय संकलन भएको तथा खर्चतर्फ चालु खर्च ४९.१९ प्रतिशत र पुँजीगत खर्च १८.३२ प्रतिशत गरी कुल ३५.३५ प्रतिशत खर्च भएको जानकारी बैठकमा प्रस्तुत गरिएको थियो। उक्त विवरण सार्वजनिक गर्ने निर्णय बैठकले गरेको छ।

नगरपालिकाले चालु आर्थिक वर्षका लागि २० करोड रूपैयाँ आन्तरिक आय संकलन गर्ने लक्ष्य लिएकोमा हालसम्म ७ करोड ७७ लाख ३८ हजार ३४३ रूपैयाँ ५७ पैसा राजस्व संकलन भएको जानकारी दिइएको छ।

त्यसैगरी फोहोरमैला तथा सिसाजन्य वस्तुको बिक्रीबाट मात्रै १४ लाख ५० हजार ६११ रूपैयाँ राजस्व संकलन भएको विवरण पनि सार्वजनिक गरिएको छ।

यस्तै, बैठकले उपप्रमुख इन्दिरा दरै र उनका छोरा हेमन्त दरै सडक दुर्घटनामा परी घाइते भई उपचाररत रहेको अवस्थामा शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ।

बैठकले नगरपालिकाको सेवा प्रवाहलाई नागरिकमुखी बनाउने, विकास कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउने तथा प्रशासनिक कार्यसम्पादनलाई थप व्यवस्थित बनाउने प्रतिबद्धता व्यक्त गरेको छ। कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनमा ल्याउँदै नगरपालिकाको समग्र सेवा प्रवाह सुधार गर्ने पहल गरिने नगरपालिकाले जनाएको छ।

## तपाईंको आज

**मेष**
बिहानको समय योजना बनाउने भएकाले प्रभावकारी हुनेछ। पारिवारिक सहकार्यले मन हल्का हुनेछ।

**वृष**
आर्थिक मामिलामा विचारपूर्वक निर्णय लिनुहोस्। अनावश्यक खर्च घटाएर बचतमा ध्यान दिनुहोस्।

**मिथुन**
काममा नयाँ जिम्मेवारी आउन सक्छ। सहयोगीहरूसंग राम्रो तालमेलले उत्साह मिल्न सक्छ। यात्रको अवसर छ।

**कर्कट**
मनका विचार लेख्नु लाभदायी हुनेछ। आन्तरिक शान्तिको अनुभूति हुनेछ। स्वास्थ्य र खानपानमा ख्याल गर्नु ।

**सिंह**
पुरानो योजना सफल हुन सक्छ। सम्बन्धमा अत्याधिक बोलीले समस्या आउन सक्ने भएकाले संयम राख्नुहोला।

**कन्य**
घर-परिवार र कामबीच समय व्यवस्थापनमा समस्य देखिन्छ। प्राथमिकता अनुसार समय छुट्टयाउनु।

**तुला**
नयाँ सामाजिक सम्बन्ध निर्माण हुने सम्भावना छ। कुनै पार्टी वा भेटघाटले मन रमणीय हुनेछ।

**वृश्चिक**
स्वास्थ्यमा थकाइको अनुभूति हुन सक्छ, विश्राम आवश्यक छ। साथीहरूसंग रमाइलो समय बित्नेछ।

शैक्षिक वा यात्रासम्बन्धी योजना अघि बढाउन सकिन्छ। छोटो यात्रा लाभदायी हुनेछ।

**मकर**
बचत गर्ने सोच सकारात्मक छ। व्यक्तिगत स्वास्थ्यका लागि योग वा ध्यान गरिनु उपयुक्त रहला।

**कुम्भ**
घर र कामबीचको तालमेल बिग्रन सक्छ। समय निकालेर प्रकृतिसँग नजिक हुनु उपयोगी हुनेछ।

**मीन**
दिन सामान्य नै रहनेछ। व्यक्तिगत र आर्थिक मामिलामा अति उत्साहजनक परिणाम नआउला ।

# तनहुँ-२ का उम्मेदवार सिग्देलको प्रतिबद्धता: ......

योगदान गर्ने पनि बताएका छन्। संविधान संशोधन आवश्यक भएको अवस्थामा अध्ययन र विश्लेषणका आधारमा विवेकपूर्ण निर्णय गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन्।

**पूर्वाधार विकासमा जोड**

सिग्देलले पूर्वाधार विकासलाई क्षेत्रीय समृद्धिको आधार मान्दै सडक, पुल, खानेपानी तथा विद्युत् विस्तारका योजनालाई प्राथमिकतामा राख्ने बताएका छन्। तीनै तहका सरकारबीच समन्वय गरी निर्माणाधीन आयोजनाहरु समयमै सम्पन्न गर्ने र नयाँ योजनाहरु प्राथमिकताका आधारमा अघि बढाउने योजना उनले सार्वजनिक गरेका छन्।

यसअघि सांसद रहँदा जिल्लाका प्रमुख सडक आयोजनाहरूको स्तरोन्नतिमा पहल गरेको उल्लेख गर्दै उनले भिमकाली सडकलाई राष्ट्रिय राजमार्गस्तरमा विकास गर्न पहल गरिएको बताएका छन्। कृष्णमार्ग, श्रृङ्गपथ र सृजनामार्गलाई समेट्दै गाईघाट–गल्याङ वैकल्पिक राजमार्गको अवधारणा अघि बढाइएको पनि उनले बताएका छन्।

त्यसैगरी ढोरवाराही मार्ग र भ्ठापुटार–चालिसे सडकलाई रणनीतिक सडकका रूपमा स्तरोन्नति गरिएको तथा पृथ्वी राजमार्गको मुग्लिन–पोखरा खण्ड चार लेनमा विस्तारका लागि पहल गरिएको उनले उल्लेख गरेका छन्।

खैरेनीटार–भिमाद–कावासोती सडकअन्तर्गत खैरेनी–भिमाद सडकखण्ड विस्तार तथा कालोपत्रेका लागि बजेट विनियोजन गराएर निर्माण सम्पन्न गरिएको पनि उनले बताएका छन्। निर्वाचन क्षेत्रभित्रका पालिकाबाट वडा कार्यालयसम्म पुग्ने सडक कालोपत्रे गर्ने तथा यातायात सुविधा दिगो र गुणस्तरीय बनाउने योजना पनि घोषणापत्रमा समेटिएको छ।

**शिक्षा, स्वास्थ्य र सामाजिक विकास**

शिक्षा क्षेत्रको सुधारलाई विशेष प्राथमिकतामा राख्दै सिग्देलले क्याम्पसहरूको भौतिक संरचना तथा जनशक्ति व्यवस्थापन गरी स्नातकोत्तर तह सञ्चालन गर्ने पहल गरिने बताएका छन्। प्रत्येक पालिकामा एक आदर्श विद्यालय स्थापना गर्ने तथा प्राविधिक शिक्षाको विस्तारलाई प्राथमिकता दिने योजना घोषणापत्रमा उल्लेख गरिएको छ। शिक्षालाई रोजगारीसँग जोड्दै उत्पादनमूलक प्रणाली विकास गर्ने लक्ष्य पनि उनले प्रस्तुत गरेका छन्। स्वास्थ्य क्षेत्रअन्तर्गत आधारभूत अस्पतालहरूको संरचना निर्माणलाई तीव्रता दिने, एम्बुलेन्स सेवाको पहुँच विस्तार गर्ने तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने योजना रहेको उनले बताएका छन्। जीपी कोइराला राष्ट्रिय स्वासप्रश्वास उपचार केन्द्रको भौतिक संरचना र सेवा विस्तारमा सहयोग गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन्।

**कृषि, आवास र वातावरण**

कृषियोग्य जमिन संरक्षणलाई प्राथमिकतामा राख्दै भू–उपयोग नीति कार्यान्वयनमार्फत कृषि क्षेत्रको विकास गरिने सिग्देलले बताएका छन्। एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गरी प्राकृतिक विपद्को जोखिम कम गर्ने तथा सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउने योजना घोषणापत्रमा समेटिएको छ।

सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खर वा स्याउलाका छाना विस्थापित गरी जस्तापाताको छाना उपलब्ध गराउने योजना पनि उनले सार्वजनिक गरेका छन्। विद्युतीकरण नभएका क्षेत्रमा विद्युत् विस्तार तथा केबुल तार र स्टिल पोलमार्फत गुणस्तरीय सेवा सुनिश्चित गरिने प्रतिबद्धता जनाइएको छ।

**पर्यटन र सम्पदा संरक्षण**

निर्वाचन क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमार्फत पर्यटन विकास गर्ने योजना पनि घोषणापत्रमा उल्लेख गरिएको छ। सम्पदास्थलहरूको पहिचान गरी आवश्यक पूर्वाधार निर्माण गरिने तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य सिग्देलले राखेका छन्।

**सुरक्षा र सुशासन**

सामाजिक अपराध नियन्त्रण र शान्ति सुरक्षाको अवस्था सुदृढ गर्न आवश्यक स्थानमा प्रहरी चौकी स्थापना गर्ने तथा विद्यमान चौकीहरूको स्तरवृद्धि गर्ने योजना उनले प्रस्तुत गरेका छन् । भ्रष्टाचार नियन्त्रण र पारदर्शिता कायम गर्न कडाइका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले सुशासनलाई आफ्नो कार्यकालको मुख्य आधार बनाउने बताएका छन्। हालैका राजनीतिक घटनाक्रमप्रति संकेत गर्दै उनले हिंसात्मक घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने धारणा व्यक्त गरेका छन्।

**राजनीतिक यात्रा र अनुभव**

वि.सं. २०२० साल असोज ५ गते साविक किहुँ गाविसमा जन्मिएका सिग्देलले स्नातकोत्तर तथा कानून अध्ययन पूरा गरेका छन्। विद्यार्थी राजनीतिबाट सक्रिय भएका उनले विभिन्न आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए। त्रिभुवन विश्वविद्यालय बाट उच्च शिक्षा हासिल गरेका सिग्देल लामो समयदेखि पार्टी संगठन र जनआन्दोलनमा सक्रिय रहँदै आएका छन्। दुई कार्यकाल जिल्ला अध्यक्ष तथा पार्टीको केन्द्रीय सदस्यका रूपमा काम गरिसकेका उनी लामो राजनीतिक अनुभव भएका नेताका रूपमा चिनिन्छन्।

**जनप्रतिनिधिको प्रतिबद्धता**

झण्डै पाँच दशक लामो राजनीतिक जीवनका अनुभवका आधारमा जनताको माग र आवश्यकतालाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै सिग्देलले आफू सार्वजनिक अभिव्यक्तिप्रति नैतिक रूपमा जवाफदेही रहने बताएका छन्। पार्टी कार्यकर्ताहरूले उनलाई सादा जीवनशैली, इमानदार छवि र नि:स्वार्थ सेवाभाव भएका नेताका रूपमा प्रस्तुत गरेका छन्। घोषणापत्रमार्फत सिग्देलले समृद्धि, सुशासन र सामाजिक न्यायलाई केन्द्रमा राख्दै तनहुँ क्षेत्र नम्बर २ को विकासलाई नयाँ चरणमा पुऱ्याउने लक्ष्य लिएको बताएका छन् ।

# कनिकादेखि गोलभेंडासम्म ....

रूपैयाँको १ लाख ९३ हजार २१.१५ मेट्रिक टन मकै आयात भएको छ।

**२२ अर्बभन्दा बढीको दाल र तरकारी आयात**

यो सात महिनाको अवधिमा दाल तथा तरकारीजन्य वस्तु आयातमा २२ अर्ब २५ करोड ७८ लाख ३५ हजार रूपैयाँ बाहिरिएको छ । यो अवधिमा ५ लाख १९ हजार ४२८.७२ मेट्रिक टन दाल तथा तरकारीजन्य वस्तु आयात भएको छ । उक्त परिमाणमा तरकारीजन्य वस्तु आयात हुँदा २४ लाख ६२ हजार ३८३ हजार रूपैयाँ भन्सार विन्दुमा राजस्व संकलन भएको छ ।

यसमध्ये १४ अर्ब १० करोड ९ लाख ६२ हजार रूपैयाँको ४ लाख ३९ हजार ९०५.१४ मेट्रिक टन तरकारी आयात भएको छ भने ९ करोड १५ लाख ५५ हजार रूपैयाँको २ हजार ४९१.५९ मेट्रिक टन कन्दमुल (तरूल, सखरखण्ड, पिँडालु) आयात भएको छ । यस्तै ८ अर्ब ६ करोड ५३ लाख १८ हजार रूपैयाँको ७७ हजार ३१.९९ मेट्रिक टन दाल तथा गेडागुडी आयात भएको छ । यसमध्ये ४ अर्ब ५ करोड बराबरको ३८ हजार ७३४.२३ मेट्रिक टन राजमा २ अर्ब ४३ करोड रूपैयाँको २५ हजार ६८९.१० टन मुसुरो आयात भएको छ । यस्तै ३९ करोड २७ लाख ७३ हजार रूपैयाँको रहर दाल तथा ३७ करोड ८४ लाख रूपैयाँ बराबरको केराउ आयात भएको उल्लेख छ ।

**१४ अर्ब बराबरको तरकारी**

सात महिनामा तरकारी मात्रै १४ अर्ब १० करोड बराबरको आयात भएको विभागको तथ्यांकमा उल्लेख छ । यसमध्ये ६ अर्ब ५६ करोड बराबरको २ करोड ७२ लाख १३ हजार ९६६.३० मेट्रिक टन आलु आयात भएको छ । यसैगरी ४ अर्ब २५४ करोड रूपैयाँको १ लाख २ हजार ८०.१६ मेट्रिक टन प्याज, १ अर्ब ७३ करोड रूपैयाँको १२ हजार ३ सय २५.०५ मेट्रिक टन लसुन आयात भएको विभागको तथ्यांकमा उल्लेख छ । रातोपाटीबाट

# पत्रकार महासंघ तनहुँद्वारा .......

स्थापित हरिभक्त भट्टराई स्मृति पत्रकारिता पुरस्कार संघीय परिषद् सदस्य राजकुमार श्रेष्ठ विवि, वरिष्ठ अधिवक्ता कमलामोहन वाग्लेद्वारा स्थापित चिरञ्जिवी हरिमाया स्मृति पत्रकारिता पुरस्कार पूर्व सहसचिव मिला दरैलाई प्रदान गर्ने निर्णय भएको शाखाका सचिव कृष्ण न्यौपानेले जानकारी दिए । सुरज गुरूङ स्मृति पुरस्कारको राशी रू पाँच हजार र अन्य सबै पुरस्कारको राशी रू दश हजार रहेको छ। शाखाले यसअघि नै भाग्यशाली ढुङ्गानाद्वारा स्थापित टीकानीधि ढुङ्गाना स्मृति व्यास पराशर पत्रकारिता पुरस्कार पूर्व अध्यक्ष ओमकार आचार्यलाई प्रदान गर्ने निर्णय गरिसकेको छ ।

महासंघले न्याय, सहकारी, धार्मिक, सांस्कृतिक तथा पर्यटन लगायतका क्षेत्रमा कलम चलाउने पत्रकारलाई पुरस्कृत गर्दै आएको छ । उक्त सबै पुरस्कार आगामी चैत १६ गते महासंघको स्थापना दिवसका अवसरमा प्रदान गरिनेछ।

**निर्वाचन आचारसंहिता पालना गर्न आग्रह**

यस्तै, नेपाल पत्रकार महासंघ तनहुँ शाखाले फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लास्थित सञ्चारकर्मीहरूलाई आचारसंहिताको पूर्ण पालना गर्न आग्रह गरेको छ। शाखाको बैठकले सबै सञ्चारकर्मीलाई राजनीतिक दलको प्रचारप्रसार नगर्न, उम्मेदवारको पक्ष र विपक्षमा नरही तटस्थ, निष्पक्ष रूपमा रिपोटिङ गर्न आग्रह गर्ने निर्णय गरेको छ । साथै महासंघका सदस्यहरूले उम्मेदवारको पक्षमा प्रचारप्रसार गरे नगरेको शाखाका तर्फबाट अनुगमन गर्ने निर्णय भएको जनाइएको छ । बैठकले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित वातावरणमा सम्पन्न गर्न सरोकारवाला पक्षहरूलाई अनुरोध गरेको छ । यस्तै गण्डकी प्रदेश सरकारको सहयोगमा भवन मर्मतका लागि नेपाल पत्रकार महासंघ तनहुँलाई रू दश लाख बजेट प्राप्त भएकामा एकीकृत सेवा कार्यालय तनहुँको इष्टमेट अनुसार काम अगाडी बढाउने निर्णय भएको शाखाले जनाएको छ ।

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**फागुन १६ गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा






जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**उम्मेदवारहरू बीच शुभकामना आदानप्रदान :** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँ-१ का नेपाली कांग्रसका उम्मेदवार गोविन्द भट्टराई र राप्रपाका उम्मेदवार अभिषेक जोशी चुनाबी प्रचार प्रसारको क्रममा आइतबार आबुँखैरेनीमा भेटघाट हुँदा आ-आफ्ना घोषणा पत्र एकआपसमा साटासाट र शुभकामना आदानप्रदान गर्दै । *तस्विर : भञ्ज्याङ*

# तनहुँमा मतपत्र आइपुग्यो, मतदाता शिक्षा सञ्चालनका लागि स्वयंसेवक परिचालन

**भञ्ज्याङ समाचारदाता**/दमौली

आगामि फागन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा मतपत्र आइपुगेको छ । तनहुँका दुवै क्षेत्रको प्रत्यक्ष र समानुपातिकतर्फको मतपत्र शनिबार आइपुगेको हो । तनहुँ क्षेत्र नं १ को मतपत्र दमौलीस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय र क्षेत्र नं २ को मतपत्र दुलेगौँडास्थित निर्वाचन अधिकृतको कार्यालयमा राखिएको जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख विकास लम्सालले बताए।

क्षेत्र नं १ प्रत्यक्षतर्फ एक लाख ३६ हजार र समानुपातिकतर्फ एक लाख ४२ हजार मतपत्र आएको छ । क्षेत्र नं २ प्रत्यक्षतर्फ एक लाख ३७ हजार र समानुपातिकतर्फ पनि एक लाख ३७ हजार मतपत्र आइपुगेको निर्वाचन अधिकारी लम्सालले बताए । निर्वाचनका लागि आवश्यकपर्ने अन्य सामग्री पनि व्यवस्थापनको काम सकिएको छ । निर्वाचनका लागि खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृत नियुक्ति भई अब तालिम सञ्चालन गर्न लागिएको छ ।

लम्सालका अनुसार क्षेत्र नं १ का कर्मचारीका लागि फागुन ११ र क्षेत्र नं २ का कर्मचारीका लागि फागुन १२ गते तालिम सञ्चालन हुनेछ । निर्वाचनका लागि तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता छन् । त्यसमध्ये पुरूषको संख्या एक लाख २३ हजार ४९१ र महिलाको संख्या एक लाख ३० हजार ९०६ जना रहेको लम्सालले बताए । दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको यहाँ तनहुँ क्षेत्र नं १ तर्फ एक लाख २६ हजार ८८२ र क्षेत्र नं २ तर्फ एक लाख २७ हजार ५१५ मतदाता कायम भएका छन्। क्षेत्र नं १ मा पुरूषको संख्या ६१ हजार ७७८ र महिलाको संख्या ६५ हजार १०४ रहेको छ। क्षेत्र नं २ मा पुरूषको संख्या ६१ हजार ७१३ र महिलाको संख्या ६५ हजार ८०२ रहेको छ ।

क्षेत्र नं १ तर्फ व्यास नगरपालिका, भानु नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिका पर्दछ । क्षेत्र नं २ तर्फ शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका र व्यास नगरपालिकाको वडा नं ५ र ६ पर्दछ ।

**मतदाता शिक्षा सञ्चालनका लागि स्वयंसेवक परिचालन**



निर्वाचनलाई लक्षित गर्दै तनहुँ जिल्लामा मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि स्वयंसेवक परिचालन गरिएको छ। निर्वाचनका क्रममा बदर मतको संख्या न्यून बनाउने उद्देश्यसहित जिल्लाका दशवटै पालिकामा स्वयंसेवक परिचालन गरिएको हो। बन्दीपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमल केसीले छ वटै वडामा मतदाता शिक्षा सञ्चालनका लागि स्वयंसेवकलाई तालिम दिएर खटाइएको जानकारी दिए । स्वयंसेवकलाई मतदान प्रक्रिया, मतदाताको अधिकार तथा कर्तव्य, बदर मत न्यूनीकरण लगायतका विषयमा अभिमुखीकरण गरिएको छ।

उनले भने, "वडामा खटिने स्वयंसेवकलाई मतदातासँग पुगेर मतदान प्रक्रियाका बारेमा जानकारी गराउनुहुनेछ । यसको मुख्य उद्देश्य मत बदर न्यूनीकरण गर्नु हो ।"

जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी विकास लम्सालले सबै पालिकामा मतदाता शिक्षा सञ्चालनका लागि स्वयंसेवक खटाइएको जानकारी दिए । मतदातालाई मतदान प्रक्रियाबारे स्पष्ट जानकारी दिनु, मतपत्र प्रयोग गर्ने सही तरिका बुझाउनु तथा मतदान गर्दा ध्यान दिनुपर्ने विषयमा सचेत गराउनु कार्यक्रमको मुख्य लक्ष्य रहेको उनले बताए ।

लम्सालले मतदाता शिक्षा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुनसकेमा मतदातालाई मतदान गर्न सहज हुने र बदर मतको समस्या उल्लेखनीय रूपमा घट्ने विश्वास व्यक्त गरे । विशेषगरी नयाँ मतदाता, पहिलो पटक मतदान गर्ने युवा, ज्येष्ठ नागरिक तथा कम साक्षर मतदातालाई लक्षित गरी व्यावहारिक अभ्याससहित कार्यक्रम सञ्चालन गरिने उनले बताए ।

कार्यक्रमअन्तर्गत मतपत्रमा सही चिन्ह कसरी लगाउने, समानुपातिक र प्रत्यक्ष प्रणालीको भिन्नता, मतदान केन्द्रमा पालना गर्नुपर्ने आचारसंहिता तथा मतदानको गोपनीयतासम्बन्धी विषयमा जानकारी दिइनेछ । निर्वाचनका लागि तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएका छन् । त्यसमध्ये पुरूषको संख्या एक लाख २३ हजार ४९१ र महिलाको संख्या एक लाख ३० हजार ९०६ जना रहेको छ ।

दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको यहाँ तनहुँ क्षेत्र नं १ तर्फ एक लाख २६ हजार ८८२ र र क्षेत्र नं २ तर्फ एक लाख २७ हजार ५१५ मतदाता कायम भएका छन् । क्षेत्र नं १ मा पुरूषको संख्या ६१ हजार ७७८ र महिलाको संख्या ६५ हजार १०४ रहेको छ । क्षेत्र नं २ मा पुरूषको संख्या ६१ हजार ७१३ र महिलाको संख्या ६५ हजार ८०२ रहेको छ। क्षेत्र नं १ तर्फ व्यास नगरपालिका, भानु नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिका पर्दछ । क्षेत्र नं २ तर्फ शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका र व्यास नगरपालिकाको वडा नं ५ र ६ पर्दछ ।

facebook twitter



**Narayan Gaunle**
facebook.com/ngaunle

बालेन शाह प्रधानमन्त्री बनेपछि देशको कायापलट हुन्छ भन्ने आधार, भिजन, रोडम्याप या नीतिगत स्पष्टता अहिलेसम्म देखिएको छैन ! कसरी हुन्छ भन्ने प्रश्न सोध्ने हक पनि अरु कसैलाई नदिई रास्वपाले आफैसँग राखेको भन्ने सुनियो !

पहिलो पार्टी बन्ने दौडमा रहेको दल अलि नरम, अलि स्पष्ट, अलि अन्तक्रियात्मक, अलि समावेशी र अलि जबाफदेही देखिए हुने भन्ने धेरैलाई लागेकै होला !

विग्रह, आक्रोश, आवेग, धाक र निषेधजस्ता तत्त्व राजनीतिमा हावी भयो भने त्यसले सबैभन्दा दुःख दिने जितेर आउने दललाई नै हो । सडक कब्जा गर्न त एक लाखमात्रै भए पनि पुग्छ । बिथोल्न, रोक्न, भत्काउन र बिगार्न ठूलो शक्ति चाहिन्न । भोलि सत्तासम्म पुग्ने लक्षण देखिएको दल सबै नेपालीलाई तोडेर होइन जोडेर लैजाने खालको भइदिए भन्ने चाहना र त्यस कोणबाट गरिने आलोचना जायज नै हो !

तर, बालेन शाह प्रधानमन्त्री भए भने देश बस्नलायक नै रहन्न, बर्बादै हुन्छ, खत्तम नै हुन्छ, उनी राँको बोकेरै देश जलाउँदै हिँड्छन्, देश युक्रेन हुन्छ या देशको चाबी लगेर विदेशीलाई बुझाउँछन् भन्ने खालको त्रासको व्यापारचाहिँ कत्ति पनि जायज छैन! यहाँ हरेक आन्दोलन हिंस्रक र विवादित नै छन्! सामन्तको नाममा आम नागरिकको घाँटी रेटेका आन्दोलन पनि छन्, राष्ट्रप्रमुख चढेको जहाजमा बम हानेका आन्दोलन पनि छन् । १७ हजार निर्दोष नागरिकको रगत बगेको आन्दोलन पनि छ, बालबच्चा र सर्वसाधारण चढेको बसमा बम पड्केका विद्रोह पनि छन् र सिंहदरबार जलेको आन्दोलन पनि छ । प्रहरीलाई भाला रोपेर जघन्य हत्या गरेका आन्दोलन पनि छन् । एउटा आन्दोलन गर्नेले अर्को आन्दोलनलाई गन्दैन । कसलाई दिनु त भोट ?

देश बङ्गलादेशजस्तो छैन । जति गाली गरे पनि कम्तिमा यहाँ सिस्टमचाहिँ बसेको छ । यहाँ कुनै दललाई निषेध छैन । सिस्टम भएकैले पूर्वप्रधानमन्त्रीसम्मलाई मुद्दा चलेको छ भने सिस्टमले फेशन गरेकै कारण यसअघि रवि, बालेन र हर्कहरूले ठूला पार्टीलाई हराएर चुनाब जितेका छन् ! अहिले पनि देशको भविष्य छान्ने काम जनताले नै गर्ने हुन् !

बालेन सैन्य कूबाट प्रधानमन्त्री बन्ने होइनन् ! बने भने चुनाबबाटै, जनताको अनुमोदनबाटै र यही संविधानबाटै बन्ने हुन् । यदि जनता तपाईंका साथमा छन् भने भोट नहाल्नुहोस्, हराई दिनुहोस्, सकिइहाल्यो नि ! यो चुनाबमा भोट हाल्ने भारत या अमेरिकाले होइन, हामीले नै हो ! देशका अधिकांश जनता यदि उनलाई प्रधानमन्त्री देख्न चाहन्छन् भने उनी बन्न पर्छ ! उनमा 'जसरी पनि' प्रधानमन्त्री बन्ने लालसा भएको भए अस्ति नै बनिसक्थे ! उनी बनिसकेका पनि छैनन् । नबन्न पनि सक्छन् । तर आफ्नो एउटा पार्टीसम्म नभएको व्यक्ति संसदीय व्यवस्थामा प्रधानमन्त्रीको सम्भावित उम्मेदवार बनेर स्थापित सबै दललाई चुनौती दिनु सामान्य कुरा होइन । के दलहरूको कुनै दोष छैन त यसमा ? बाहिरैबाट त कोही आएको छैन । हिजो आफूलाई नै भोट हाल्ने जनता हुन्, आज के भयो त ?

देश विकेन्द्रित छ ! हिजो काठमाडौंको मेयर हुँदा प्रधानमन्त्रीलाई बालेनले टेरेका थिएनन् ! काठमाडौंको कार्यप्रगति सबैभन्दा कम देखिएको पनि केन्द्रीय सरकारसँग ठासठुसकै कारण हो! एउटा हर्कले सिङ्गो देश हल्लाएका थिए । देशमा त्यत्तिकै शक्तिशाली ७५३ स्थानीय सरकार छन् । सात वटा प्रदेश सरकार छन् । अख्तियार छ, सेना छ, अदालत छ, संवैधानिक आयोग छन् । संसद् पनि छ । सबैसँग समन्वय नगरी, सँगै नहिँडी, मेलमिलाप नगरी एउटा व्यक्तिले मात्रै देशमा गर्न सक्ने खास केही पनि छैन ! एउटा वडाध्यक्ष पनि केही गर्छु भनेरै आएको हुन्छ र देशको प्रधानमन्त्री पनि गर्नै भनेर आउँछ ! चुनाब हो, सामान्य टीकाटिप्पणी, व्यङ्ग्य र आलोचना स्वाभाविक हो ! आफूलाई अब्बल लागेको पक्षको पोषण पनि ठीक हो । संसद् सार्वजनिक विषय भएकाले क्षमता, दक्षता, जबाफदेहिता, भिजन र उपयुक्ततामाथि प्रश्न, आशंका र तुलना गर्न पाइन्छ तर कसैको नियत, राष्ट्रियता र देशप्रतिको निष्ठालाई नै विवादित बनाउनुचाहिँ उचित होइन । बालेन नेपाली हुन् ! उनको नियत पनि देश बनाउने नै हो । अलिकति टेम्पर र अनुभवको कमी देखिन्छ ! अलिकति ढङ्ग सिक्नै बाँकी होला तर उनी धेरै युवाहरूका आदर्श र सपना हुन्। स्कुलको पाँचजना बच्चालाई जम्मा गरेर एउटा नाम लिन लगाउनुभयो भने उनकै नाम लिने स्थिति छ । मोमेन्टम पनि छ ! उनले सके जति गर्लान्! कति काम त मोमेन्टम आफैले गर्छ । उनी एक्लै सरकार बन्ने पनि होइनन् । उनीभन्दा दक्ष र विज्ञ पनि त टीममा समेटिन सक्लान् । अन्य दलसँग मिलेर सरकार बन्न पनि सक्छ ।

देशमा सिस्टम छ, गरेनन् भने निर्वाचन त फेरि पनि आउँछ ! दशथरी मान्छे जम्मा भएका छन् । आँ नै सिंगको भारीले थचार्न पनि सक्छ । जो जति बढ्छ लोकप्रिय हुन्छ, ओरालो लाग्दा उही नै सबैभन्दा अप्रिय हुने हो ! त्यो बेलाका लागि आफूलाई तैयार राखे पनि भयो ! यदि देश नसोचेको स्तरमा विकास भयो भने त्यो पनि चाहिएन । खोजेको त विकास न हो !

बालेनले एजेन्डा स्पष्ट पार्न सक्दैनन्, मिडिया फेस गर्न सक्दैनन्, रोडम्याप खुलस्त व्यक्त गर्न सक्दैनन् त यसले त उनैलाई बेफाइदा गर्ने हो । तपाईंलाई त फाइदा नै हुन्छ त । आफ्नो एजेन्डा राख्दै जानुस्, यसकारण बालेनको विकल्प छ भन्नुस् । खुशी हुनुस्, नबोल्दै त आच्छु आच्छु भएको छ, बोल्नेवाला परेको भए के हुन्थ्यो ? यो लोकतन्त्रको विशेषता के हो भने, तपाईं या मलाई योग्य लागेकोले होइन, जनतालाई योग्य लागेकोले शासन गर्छ! अब जनतामाथि नै विश्वास नभए त तपाईं या म पनि केको लोकतान्त्रिक ?


## फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं ।

- जेन-जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीवन्दीको खोजी कार्य भइरहेको छ ।
- फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ ।
- सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ ।
- फरार कैदीवन्दीको खोजतलास कार्यमा सहयोग पुऱ्याउनु सबै नागरिकको कर्तव्य हो ।
- सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ ।

**फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं, सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४